# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः २५ मितिः २०७९।१०।११

## भाग - १

शिवराज नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा ५७ (४) र अनुसूची-८ मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरसभा यो **शिवराज नगरपालिकाको नगर प्रहरी ऐन,२०७९** जारी गरेको छ ।

# शिवराज नगरपालिकाको नगर प्रहरी ऐन,२०७९

**नगर सभाबाट स्वीकृत मितिः २०७९/०९/२८**

**प्रस्तावनाः**

स्थानीय सरकारका रुपमा शिवराज नगरपालिकाले उपलब्ध गराउने सेवाप्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउँदै नगर भित्र सुव्यवस्था कायम गर्न तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको संचालन एवं परिचालन कार्यलाई व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेकोले नेपालको संविधानको धारा ५७(४) र अनुसूची-८ मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "शिवराज नगरपालिकाको नगर प्रहरी ऐन,२०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

क. **"प्रमुख"** भन्नाले शिवराज नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

ख. **"उप प्रमुख"** भन्नाले शिवराज नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

ग. **"नगर कार्यपालिका"** भन्नाले शिवराज नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

घ. **"नगर सभा"** भन्नाले शिवराज नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

ङ. **"ऐन" भन्नाले"** स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

च. **"नगर प्रहरी ऐन"** भन्नाले "शिवराज नगरपालिकाको नगर प्रहरी ऐन,२०७९" सम्झनु पर्दछ।

छ. **"कार्यालय"** भन्नाले शिवराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ज. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शिवराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

झ. **"नगर प्रहरी"** भन्नाले शिवराज नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेत लाई जनाउँदछ।

**२. नगर प्रहरीको व्यवस्थाः**

(१) शिवराज नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ जसलाई शिवराज नगर प्रहरीको नामले समेत चिनिनेछ।

(२) नगर सभाबाट विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले नगर कार्यपालिकाको निर्णयबाट आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ।

**३. नगर प्रहरीको सञ्चालन एवं परिचालनः**

(क) कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्न कम्तीमा प्रहरी सहायक निरीक्षक बराबरको एक जना नगर प्रहरी प्रमुख सेवा करारमा लिन सकिनेछ।

(ख) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि १ जना नगर प्रहरी हवल्दार र ४ जना नगर प्रहरी जवान सेवा करारमा लिन सकिनेछ।

(ग) नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको अधीनमा रही कार्य गर्नेछ र दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनेछ।

(घ) प्रत्येक नगर प्रहरी जवान र नगर प्रहरी हवल्दारले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको मातहत रही कार्य गर्नेछ । नगर प्रहरीले पालन गर्नु पर्ने अनुशासन एवं आचरण उल्लंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई अनुशासनात्मक सजाय दिन सक्नेछ।

(ङ) नगरपालिकाको कामको सिलसिलामा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालन गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(च) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनेछ।

**४. कार्य विवरणः**

(१) नगर प्रहरीको कार्य विवरण यसै ऐन बमोजिम बनेको कार्यविधि बमोजिम हुनेछ।साथै कार्यालयले आवश्यक ठानेको कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय जुनसुकै बखत काममा लगाउन सक्नेछ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ।

**५. आचरणः**

(१) नगर प्रहरीले देहायको आचरणहरु पालन गर्नु पर्नेछः

क. नगर प्रहरीले प्रचलित कानून तथा नगरपालिकाको निर्णय, नीति, नियमको पालन गर्नु पर्नेछ।

ख. प्रहरीले पालन गर्नु पर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ।

ग. नगर प्रहरीले कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ।

घ. नगर प्रहरीले नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासी प्रति सम्मान र आदर भाव राख्नु पर्नेछ।

ङ. स्वच्छ चरित्र एवं सफा आचरण युक्त हुन पर्नेछ।

च. ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुँदैन।

छ. नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन।

ज. नगर प्रहरी राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन।

झ. आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकता पूर्वक निर्वाह गर्नु पर्दछ।

६. **पोशाक, चिन्ह आदिः** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, किसिम, सो को रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन यसै ऐन बमोजिम बनेको कार्यविधि बमोजिम हुनेछ।

७. **संचार सेटः** नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यक संचार सेट लगायतका आवश्यक साधन स्रोत उपलब्ध गराउन सक्नेछ।

८. **निरीक्षणः** नगरपालिकाका प्रमुख,उप प्रमुख,प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ।

९. **आवासः** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१०. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः**

(१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा यसै ऐन बमोजिम बनेको कार्यविधि वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नवीकरण गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा भएता पनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन।

११. **तालीमः** कार्यालयले नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालीमको व्यवस्था गर्न सक्नेछ।

१२. **प्रतिवेदनः** नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

१३. **छानबीनः** नगर प्रहरीले कानून विपरीत वा बद्नियत पूर्वक कुनै कार्य गरेको भनी कार्यालयमा उजूरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानबीन गर्न गराउन र दोषी ठहरेमा आवश्यक कारवाही गर्न सक्नेछ।

१४. **सजाय, कारवाही तथा बर्खास्तीः** कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति, नियम विपरितको कार्य गरेमा वा बदनियत पूर्वक कार्य गरी नगरपालिकालाई हानी नोक्सानी

पुऱ्याएमा वा आचरण सम्बन्धी कुरा पालन नगरेको वा अनुशासनहीन कार्य गरेमा वा नगरपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको आदेश/निर्देशनको पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले निजललाई नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजाय वा कारवाही गर्न वा जुनसुकै बखत निजलाई सेवाबाट हटाउन सक्नेछ।

**१५. पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित ठऱ्याएको पुरस्कार दिन सक्नेछ।

**१६. कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ।

**१७. दमकल कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाका दमकल कर्मचारी नगर प्रहरी प्रमुखको मातहत रही कार्य गर्नेछन्।

(२) दमकल कर्मचारी सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोके बमोजिम हुनेछ । कार्यालयले दमकल सञ्चालन सम्बन्धी कार्य सञ्चालन प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ ।

**१८. नियम,मापदण्ड, निर्देशिका, कार्यबिधि बनाई लागु गर्न सक्नेः** नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, मापदण्ड,निर्देशिका,कार्यबिधि बनाई लागू गर्न सक्नेछ।

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**